# शासकीय खबरपत्र

## Governance Bulletin

**सामान्य प्रशासन मन्त्रालयको चौमासिक प्रकाशन**

२०७१ असार वर्ष ८ अङ्क २४



**यस अंकमा :**

१. पूर्व प्रशासकहरु सँगको अन्तरक्रिया तथा छलफल कार्यक्रम

२. निजामती सेवाका समस्या र समाधान विषयमा पोखरा, विराटनगर र नेपालगञ्जमा भएको कार्यक्रम

३. महोत्तरीमा सचिवज्यूबाट अनुगमन

४. भक्तपुर र डोटीमा सेवाग्राही सन्तुष्टी सर्भेक्षण कार्यक्रम

५. नेपाल सरकारका सचिवहरुसँग छलफल तथा अन्तरक्रिया

६. मनाङ र लमजुङ जिल्लामा व्यवस्थापन परीक्षण, कार्य सम्पादन मुल्याँकन, कार्यविवरण र शासकीय सुधारको अनुगमन तथा समावेशीकरण सम्बन्धी कार्यक्रम

७. इलाम र डडेल्धुरामा सुशासन, विकास निर्माण र सेवा वितरणमा निजामती कर्मचारीको परिचालन र यसको प्रभावकारिता विषयक छलफल तथा अन्तरक्रिया कार्यक्रम ८. बजेट वक्तव्यको ३४८ नं बुँदाका बारेमा गठित कार्यटोलीको सुझाव प्रतिवेदन

९. रोल्पा प्यूठान लगायतका जिल्लामा अभिमुखिकरण कार्यक्रम

१०. सुशासनको सर्न्दभमा प्रशासकीय न्याय र विभागीय कारवाही विषयक अन्तरक्रिया तथा छलफल कार्यक्रम

११. सामान्य प्रशासन मन्त्रालयका अन्य गतिविधिहरु

**सम्पादकीयः**

सामान्य प्रशासन मन्त्रालय र नेपाल सरकारका विभिन्न मन्त्रालय एवं निकायहरुवाट शासकीय सुधारका लागि सञ्चालन गरिएका विभिन्न प्रयासहरुलाई सर्वसाधारण एवं सरोकारवालाहरु समक्ष सार्वजनिक गर्ने र शासकीय सुधारका लागि रचनात्मक पृष्ठपोषण लिने उद्देश्यले शासकीय खबरपत्र प्रकाशन गर्ने क्रममा यो चौविसौं अङ्क प्रकाशन गरिएको छ ।

शासकीय खबरपत्रको यस अङ्कमा सामान्य प्रशासन मन्त्रालयबाट पूर्व प्रशासकहरुसँग भएको अन्तरक्रिया,निजामती सेवाका समस्या र समाधान विषयमा पोखरा, विराटनगर र नेपालगञ्जमा सम्पन्न भएको कार्यक्रम, महोत्तरी जिल्लामा भएको अनुगमन, मनाङ र लमजुङ जिल्लामा भएका विभिन्न कार्यक्रम, नेपाल सरकारका सचिवहरसँग भएको अन्तरक्रिया तथा छलफल,भक्तपुर र डोटी जिल्लामा भएको सेवाग्राही सर्वेक्षण कार्यक्रम, इलाम र डडेल्धुरा जिल्लामा सुशासन, विकास निर्माण र सेवा वितरणमा निजामती कर्मचारीहरुको परिचालन र यसको प्रभावकारिता विषयमा भएको कार्यक्रम र आ.व.०७०।०७१ को बजेट वक्तव्यको ३४८ नं. बुदाका बारेमा गठित कार्यटोलीको सुझाव प्रतिवेदन लगायतका विषयवस्तु सपेटिएका छन् ।

अन्त्यमा शासकीय खवरपत्रका आगामी अङ्कमा नेपाल सरकारका विभिन्न निकाहरुबाट संचालन भएका शासकीय सुधार, सेवाप्रवाहमा सुधार, कार्यविधि र कार्यप्रक्रियामा सुधार लगायतका अन्य महत्वपूर्ण गतिविधीहरुका बारेमा यस मन्त्रालयलाई समयमै जानकारी गराई आवश्यक सहयोग गरीदिनु हुन अनुरोध गर्दछौं । यो अङ्क तयार गर्न सहयोग पुऱ्याउनु हुने सामान्य प्रशासन मन्त्रालयका सबै महाशाखा, शाखा र अन्य सम्वद्ध निकाय एवं पदाधिकारीलाई समेत सादर धन्यवाद दिन चाहान्छौं ।

**सम्पादक मण्डल**

सचिव, श्री इन्द्रप्रसाद उपाध्याय- सल्लाहकार
सह-सचिव, श्री गज बहादुर राना - संयोजक

उप-सचिव, श्री योगेन्द्रप्रसाद पाण्डेय- सदस्य

शा. अ., श्री मोहनराज जोशी - सदस्य

शा. अ., श्री भुवन पाण्डे - सदस्य-सचिव

**सामान्य प्रशासन मन्त्रालय**
**सिंहदरबार, काठमाण्डौं**

## १.पूर्व प्रशासकहरुसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम

सामान्य प्रशासन मन्त्रालयको आयोजनामा मिति २०७१।२।२१ गतेको दिन सामान्य प्रशासन मन्त्री लालबाबु पण्डित र पूर्व प्रशासकहरु बीच प्रशासन भित्र रहेका विभिन्न विषयहरुमा केन्द्रित रहेर एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डित एवं सामान्य प्रशासन मन्त्रालयका सचिव श्री डइन्द्र प्रसाद उपाध्यायले पूर्व प्रशासकहरुलाई प्रशासन सुधारका सम्बन्धमा विभिन्न सल्लाह सुझाव दिन अनुरोध गर्नुभएको थियो । यस क्रममा पूर्व प्रशासक श्री भरत थापाले कर्मचारीतन्त्रमा स्वच्छता नदेखिएको, भ्रष्टाचार बढेको, सरकारको अस्थिरताको प्रत्यक्ष प्रभाव प्रशासनमा देखापरेको लगायतका समस्या औंलाउदै यी समस्या समाधानका लागि आवश्यक पहल गर्नुपर्ने बताउनुभएको थियो । त्यसैगरी अच्युत बहादुर राजभण्डारीले प्रशासनयन्त्रमा उत्तरदायित्वको बोध नभएको, सुशासनको स्थिती झन कमजोर बन्दै गएको बताउनुभएको थियो । निजामती सेवालाई केन्द्रिय, प्रान्तिय र स्थानीय स्तरमा राख्ने व्यवस्था संविधानमा नै उल्लेख गर्नुपर्ने, नागरिक समाजलाई सुशासन कायम गर्न सहयोग गर्नेमा कसरी स्थान दिने जस्ता विषयहरुमा समेत ध्यान दिन जरुरी भएको उहांले बताउनुभयो । त्यसैगरी पूर्व प्रशासक खेमराज नेपालले सेवा प्रवाह कमजोर भएको, निजामती सेवामा दश सेवा भएतापनि आर्थिक योजना तथा तंथ्याक सेवा नभएको, त्यसैगरी ट्रेड युनियन एउटा मात्र हुनुपर्ने जस्ता विषयमा जोड दिनुभएको थियो । पूर्व सचिव धनराज ओझाले हाम्रो देशमा सेवा लिन आउने एउटा वर्ग कुरा बुझ्ने र अर्को वर्ग नबुझ्ने रहेकोले नबुझ्ने वर्ग लाई नागरिक बडापत्र समेत बुझाउनको लागि संचार माध्यमबाट प्रचारप्रसार गर्नुपर्ने बताउनुभयो । त्यसैगरी पूर्व मुख्य सचिव विमल कोइरालाले प्रशासनमा राजनैतिक हस्तक्षेप बढी भएकोले प्रशासन र राजनीतिको स्पष्ट सीमा बनाउनुपर्ने, सरुवा कम गरी  कर्मचारीको विशिष्टतालाई बढाउदै जानुका साथै कर्मचारीलाई कार्यसम्पादनको आधारमा थप आर्थिक सहुलियत दिनुपर्ने बताउनुभएको थियो ।

उक्त कार्यक्रममा पूर्व प्रशासक मुकुन्द शर्मा पौडेलले प्रशासनयन्त्रमा गोपनियता बढाउनुपर्ने, कर्मचारीको नैतिक आचरण सुधार गर्नुपर्ने, सरुवालाई व्यवस्थित बनाउनुपर्ने, विकट क्षेत्रमा काम गरेकोलाई अवसर प्रदान गर्नमा  प्राथमिकता दिनुपर्ने लगायतका विषयमा सुझाव प्रदान गर्नुभएको थियो । त्यसैगरी पूर्व सचिव विमल वाग्लेले कर्मचारीको ज्ञान, दक्षता अनुसारको काम प्रदान गर्नुपर्ने, कार्यालयमा टिप्पणी सदर वा बदर गर्दा कारण खुलाउनुपर्ने प्रावधान राख्नुपर्ने विषयमा जोड दिनुभएको थियो । सो कार्यक्रममा पूर्व सचिव माधव घिमिरेले मन्त्री र सचिवको समेत कामको विभाजन स्पष्ट रुपले ऐनमा नै लेख्नुपर्ने, अभिलेख व्यवस्थापन प्रभावकारी बनाउनुपर्ने, कर्मचारीको न्युनतम योग्यता बढाउनुपर्ने, अधिकृतमुखी प्रशासनयन्त्र गराउनुपर्ने, तालिमलाई वस्तुनिष्ठ बनाउनुपर्ने र राज्य सत्ता संचालन प्रभावकारी बनाउन जनताको मन जित्न सक्नुपर्ने बताउनुभयो । पूर्व प्रशासक योगेन्द्रनाथ ओझाले निजामती प्रशासन निष्पक्ष हुनुपर्ने, नयां सरकारको परिवर्तनसँगै कर्मचारीको फेरबदल हुने प्रक्रिया हटाउनुपर्ने, कर्मचारीको तलब भत्ता समेत कम हुंदा सरकारी सेवामा आकर्षण घटेकोले कर्मचारीहरुलाई विभिन्न थप सुविधाहरु दिनुपर्ने र योग्यताक्रम भन्दा बाहिर नगई कर्मचारीको पदस्थापना गर्नुपर्ने बताउनुभयो । अर्का सहभागी पूर्व प्रशासक अनन्तराज पाण्डेले सरकारी कार्यालयमा

दलाल हटाउनुपर्ने, प्रशासनयन्त्रमा पर्याप्त तालिम दिई विशेषज्ञ जनशक्तिको निर्माण गर्नुपर्ने बताउनुभयो ।



**पूर्व प्रशासकहरुसँगको अन्तरक्रिया कार्यक्रम, सामान्य प्रशासन मन्त्रालय**

त्यसैगरी पूर्व प्रशासक पुरुषोत्तम ओझाले निजामती सेवालाई आधुनिकिकरण गर्नुपर्ने, सचिव नियुक्ति गर्दा योग्यता, क्षमता, दक्षता र विशेषज्ञता हेरेर जिम्मेवारी दिनुपर्ने , काम नगर्ने वा ढिलो गर्नेलाई दण्ड सजायको भागीदार बनाउनुपर्ने बताउनुभयो । पूर्व प्रमुख निर्वाचन आयुक्त भोजराज पोखेलले संविधानमा नै राजनीतिले प्रशासनको हस्तक्षेप गर्ननहुने कुरा उल्लेख गर्नुपर्ने, कर्मचारीको तह अनुसार अभिलेख राख्नुपर्ने बताउनुभयो । सहभागी पूर्व वरिष्ठ प्रशासकहरुको सल्लाह सुझाव पश्चात सामान्य प्रशासन मन्त्रालयका सचिव श्री ङइन्द्र प्रसाद उपाध्यायले अभिलेख व्यवस्थापनलाई प्रभावकारी बनाउने, मुलुकको आवश्यकता अनुसार व्यवस्थापन परिक्षण गर्ने, काम नगर्ने कर्मचारीहरुलाई सजाय गर्ने, सरुवालाई व्यवस्थित गर्न प्रयास गर्ने, उत्तरदायित्वको बोध गराउने कार्य  तत्परताका साथ अघि बढेको बताउनुभयो । सो अवसरमा उहांले प्रशासनयन्त्रमा विविध समस्या भएतापनि सो समाधानका लागि विशेष प्रयास जारी रहेको बताउनुभयो । त्यसैगरी कार्यक्रमको अन्त्यमा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितले राजनीति र प्रशासनको स्पष्ट सीमा हुनुपर्ने बताउनुभयो । कर्मचारीले आफ्नो कामलाई प्राथमिकतामा राखी समयलाई आत्मसाथ गर्दै राष्ट्रप्रति इमान्दार, सच्चा, देशभक्त भएर काम गरेमा प्रशासनयन्त्र मजबुत हुनगई सार्वजनिक सेवा प्रवाह प्रभावकारी हुने बताउनुभयो । आफूले जनताको विश्वासलाई पूरा गर्न  केही समस्या आएमा छलफलबाट समाधान खोजी अगाडि बढ्ने बताउनुभयो । उहांले आफू आंट र विश्वासको साथ काम गर्ने प्रयास गरेको बताउदै अन्त्यमा पूर्व प्रशासकहरुलाई आफ्नो सल्लाह सुझावको लागि हार्दिक धन्यवाद व्यक्त गर्नुभयो ।

## २. निजामती सेवाका समस्या र समाधान विषयमा पोखरा, विराटनगर र नेपालगञ्जमा कार्यक्रम सम्पन्न

निजामती सेवा र जनताबीचको दूरी कम गर्ने, जनतामा प्रशासनप्रतिको विश्वास कसरी सकारात्मक बनाउने, राज्यको पुनसंरचनामा प्रशासनिक पुर्नसंरचना कस्तो हुने, निजामती सेवामा रहेका विद्यमान समस्या लाई कसरी समाधान गरी  सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थित र मर्यादित बनाउने भन्ने उद्देश्यले सामान्य प्रशासन मन्त्रालयको आयोजनामा मिति २०७१।२।११ मा पोखरामा मिति २०७१।२।२५ गते विराटनगर र मिति २०७१।०३।१०.गते नेपालगञ्जमा  अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितको प्रमुख आतिथ्यतामा सम्पन्न भएका उल्लेखित तीनवटै कार्यक्रममा सामान्य प्रशाासन मन्त्रालयका सहसचिव श्री सुरेश अधिकारीले स्वागत मन्तव्यका साथै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरु लगायत विभिन्न कार्यालयका प्रमुख एवं प्रतिनिधिहरुको सहभागीता रहेको उक्त कार्यक्रममा वढ्दो जन अपेक्षा, सिमित श्रोत साधन, वढ्दो कार्यक्षेत्र, श्रोत साधनको प्राथमिकीकरणमा जटिलता, सेवा वितरणमा समानता र न्यायको अवधारणा अवलम्वन गर्ने, व्यवसायिक क्षमता र विशेषज्ञता अभिवृद्धि, प्रतिभा व्यवस्थापन, न्युन तलव सुविधामा सुधार पुनरावलोकन, Human skill, social  skill मनोवृती, कार्यशैली र कार्यपद्धतिमा सुधार, राज्य पुन:संरचनाको सन्दर्भमा संक्रमणकालीन अवस्थाको व्यवस्थापन,प्रशासनीक पुन:संरचनाको तयारी, अभिवृद्धि गर्नुपर्ने जस्ता नेपालको निजामती सेवामा रहेका चुनौतीहरु, राजनीतिक आधारमा विभाजन हुने ट्रेड युनियन, जनसेवा प्रतिको समर्पणमा न्यूनता, जनहित भन्दा आफ्नो हित हेर्ने, देशभक्ति पूर्ण भावनामा विचलन, विदेश प्रतिको मोह वढ्दै जाने, विदेशमा वसोवास गर्ने प्रवृति, DV/PR, सरकार र जनता प्रतिको उत्तरदायित्व निर्वाहमा कमजोरी, भड्किलो सामाजिक क्रियाकलाप, संगठन भित्र अनुशासन आचरण पालनामा कमी, विभिन्न सेवा समुह बीचको सम्वन्धमा तिक्तता,आर्थिक अनियमिततामा संलग्नता जस्ता विकृतीहरु रहेतापनि समावेशीकरण हुँदै गएको, प्रतिष्पर्धात्मक क्षमता अभिवृद्धि हुदै गएको, विश्व्यापी सम्वन्ध देशव्यापी संजाल, ICT को प्रयोग वढ्दै गएको, E-governens को अवधारणा वढ्दै आत्मसात गर्दै गएको, लोकतान्त्रिक अधिकारहरुको प्राप्ती र उपयोग, PBIS को कार्यान्वयन Performance Contract, Development Management मा राष्ट्रिय क्षमताको विकास भएको र International Aid प्राप्त भएको, Partnership and Co-ordination (निजी क्षेत्र, गै.स.स सामुदायिक क्षेत्र) जस्ता अवसरहरुको वारेमा छलफल तथा अन्तरक्रिया भएको थियो ।




**अन्तरक्रिया कार्यक्रम,नेपालगञ्ज,बाँके**

उक्त कार्यक्रममा सहभागीले मुख्यतया निजामती सेवामा राजनैतिक हस्तक्षेपको न्यूनिकरण गर्नुपर्ने, दण्ड र पुरस्कार प्रणाली लागू गर्नुपर्ने, नयाँ प्रविधिको आत्मसाथ गर्नुपर्ने, अभिलेख व्यवस्थापन पक्षलाई जोड दिनुपर्ने, समावेशीकरणलाई समयानुकुल परिवर्तन गर्नुपर्ने, निजामती सेवामा रहेका विभिन्न विकृतिहरुलाई निराकरण गर्दै जानुपर्ने, सरुवा र वढुवा व्यवस्थालाई व्यवस्थित एवं अनुमानयोग्य वनाउनु पर्ने दर्जामुलकवाट पदमुलकमा जानु पर्ने, समायोजन पछिको विभेद अन्त गरिनु पर्ने, कर्मचारीका सन्ततीको शिक्षा तथा स्वास्थ्यको प्रत्याभुति राज्यबाट हुनुपर्ने, भौगोलिक क्षेत्रमा अनिवार्य जानुपर्ने व्यवस्था कायम गर्ने, सेवा समूहमा रहेको विभेद अन्त गरी एकरुपता कायम गर्नुपर्ने, लगायतका विविध पक्षहरुमा आफ्नो धारणा एवं जिज्ञासा राख्नुभएको थियो । त्यसैगरी सहभागीहरुले छिमेकी मुलुकका राम्रा कुरालाई अनुसरण गर्नुपर्ने, कर्मचारीहरुलाई समयानुकुल तालिम प्रदान गर्नुपर्ने, निजामती सेवा सुधार, लगायतका विषयमा धारणा प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रममा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री ङइन्द्र प्रसाद उपाध्यायले सहभागीबाट आएका जिज्ञासाको जवाफ दिनुभएको थियो । उहांले कर्मचारीहरुले सेवा सुविधाको विषयलाई मात्र प्राथमिकता नदिएर आफ्नो कर्तव्य, दायित्वलाई पनि बिर्सन नहुने, जनताको कामलाई सरल, सहज, संवेदनशील भई गर्नुपर्ने, सेवाप्रति प्रतिबद्ध रहनुपर्ने, कर्मचारीको मनोवृत्तिमा सुधार गर्नुपर्ने लगायतका विविध विषयमा प्रष्ट पार्नुभएको थियो । त्यसैगरी उक्त कार्यक्रममा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितले प्रशासन

भित्र रहेका विभिन्न समस्याहरुलाई छलफलबाट नै समाधान गर्नुपर्ने, कर्मचारीहरु कर्तव्यनिष्ठ भई कार्य गर्नुपर्ने, राष्ट्रसेवकले सदा जनतालाई सरल सहज रुपमा सेवा दिन तत्परता देखाउनु पर्ने, परिवर्तनको शुरुवात आफैबाट गर्नुपर्ने, एकले अर्कोलाई दोष मात्र लगाउने प्रवृतिको अन्त गरि मेरो देश मैले वनाउनु पर्छ भन्ने भावना लिएर कार्य गर्ने, जनता र राष्ट्रसेवकको सम्बन्ध राम्रो भएन भने अन्तरद्धन्द हुने हुँदा जनतालाई सर्वोपरी मानि जनता सँगको सम्बन्ध सुमधुर वनाउने, विदेश मोह त्याग्नु पर्ने,जनताबाट उठेको करबाट तलव सुविधा खानेले वढि सेवा पनि दिनु पर्ने, राष्ट्रप्रति समर्पित राष्ट्रसेवक भएर कार्य गर्नु पर्ने,सामान्य प्रशासन मन्त्रालयका कमि कमजोरी भए सो को बारेमा आफूलाई भन्नु पर्ने र सुधार सामान्य प्रशासन मन्त्रालयबाट नै थालनी हुने लगायतका विविध विषयहरुमा आफ्नो धारणा प्रस्तुत गर्नुभएको थियो ।

## ३.महोत्तरीमा सचिवज्यूबाट अनुगमन :

मिति २०७१ असार १ गतेबाट असार ३ गते सम्म सामान्य प्रशासन मन्त्रालयका सचिव श्री डइन्द्र प्रसाद उपाध्यायज्यूको  नेतृत्वमा महोत्तरी जिल्लामा अनुगमन एवं अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । सार्वजनिक सेवा प्रवाहमा भईरहेका गतिविधिको सम्बन्धमा महोत्तरी जिल्लाका सरकारी कार्यालयका कार्यालय प्रमुखहरुसंगको अन्तरक्रिया एवं छलफल कार्यक्रममा कार्यालय प्रमुखहरुले सेवा प्रवाहका विविध विषयमा आफनो भनाई, सेवा प्रवाहका समस्या एवं जिज्ञासा राख्नुभएको थियो । त्यसैगरी राजनैतिक दलका प्रतिनिधिहरुसंग समेत छलफल तथा अन्तरक्रिया गरी सेवा प्रवाहमा देखिएका समस्याका बारेमा जानकारी तथा सुझाव लिइएको थियो ।



**महोत्तरी जिल्लामा स्थलगत अनुगमन निरिक्षण**

सेवा प्रवाहमा प्रत्यक्ष संलग्न जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, मालपोत कार्यालय, नापी कार्यालय, कृषि कार्यालय, जिल्ला पशु कार्यालय र स्वास्थ्य कार्यालय लगायतका कार्यालयहरुको सघन रुपमा अनुगमन समेत गरिएको थियो । अनुगमनको क्रममा उक्त कार्यालयहरुले प्रदान गरिरहेका सेवाप्रवाहको बारेमा सेवाग्राहीबाट समेत सेवा प्राप्तिको अवस्थाबारे जानकारी लिईएको थियो । उक्त

अनुगमनको क्रममा सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज तथा वस्तुनिष्ठ बनाई जनतालाई सरकारी सेवा प्रति अपनत्व कायम हुने गरी कार्यसम्पादन गर्न सामान्य प्रशासन मन्त्रालयका सचिवज्यूले कार्यालय प्रमुख लगायत अन्य कर्मचारीलाई आवश्यक निर्देशन दिनुभएको थियो । जनताको सेवा गर्नु नै हाम्रो कर्तव्य हो भन्ने भनाईलाई सदैव आत्मसात गर्न समेत श्रीमान् सचिवज्यूले आग्रह गर्नुभएको थियो । अनुगमन टोलीले महोत्तरी जिल्लामा हाल संचालन तथा कार्यान्वयन भैरहेका विकास निर्माणसँग सम्बन्धित योजनाहरुको स्थलगत निरिक्षण गरी विकास निर्माणमा संलग्न कर्मचारीहरुलाई आवश्यक निर्देशन दिने कार्य समेत गरेको थियो । उक्त अनुगमन कार्यक्रममा सामान्य प्रशासन मन्त्रालयका उपसचिव द्वय श्री योगेन्द्र प्रसाद पाण्डेय एवं श्री कृष्ण प्रसाद शर्मा र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका शाखा अधिकृत गोपाल दाहालको अनुगमन टोलीको सदस्यका रुपमा सहभागिता रहेको थियो ।



**महोत्तरी जिल्लामा अन्तरक्रिया तथा छलफल कार्यक्रम**

## ४.भक्तपुर र डोटी जिल्लामा सेवाग्राही सन्तुष्टि सर्वेक्षण कार्यक्रम

नेपाल सरकारका विभिन्न निकायहरुले के कसरी सेवा प्रवाह गरिरहेका छन, प्रदान गरिएको सेवाबाट सेवाग्राहीहरु कत्तिको सन्तुष्ट हुन सकेका छन्, सन्तुष्ट हुन सकेका भए कुन स्तरको सन्तुष्टी प्राप्त गरिरहेका छन भन्ने सम्वन्धमा आ.व.२०६५।०६६ देखि नेपाल सरकारका विभिन्न निकायहरुमा सेवाग्राही सन्तुष्टी सर्वेक्षण कार्य गरिदै आएको छ । सोही सन्दर्भमा आ.व २०७०।०७१ को स्वीकृत कार्यक्रम अनुसार विभिन्न कार्यालयहरुले प्रदान गरिरहेको सेवा प्रति सर्वसाधारण तथा सेवाग्राहीहरुको सन्तुष्टीको स्तर मापन गरी सुधारका लागि पृष्ठपोषण प्राप्त गर्ने उद्देश्यका साथ भक्तपुर र डोटी जिल्लाका जिल्ला प्रशासन कार्यालय, मालपोत कार्यालय, नापी कार्यालय र जिल्ला स्वास्थ्य कार्यालय डोटी, जिल्ला अस्पताल भक्तपुर, दिपायल सिलगढी नगरपालिका कार्यालय डोटी तथा भक्तपुर नगरपालिका कार्यालय भक्तपुरमा  सेवाग्राही सन्तुष्टी सर्भेक्षण गरिएको थियो ।
सेवाप्रवाहको लागि सेवाग्राही मैत्री पूर्वाधार अधिकांश स्थानमा नरहेका, सेवाको प्रभावकारिताको सम्वन्धमा सेवाग्राही तथा सर्वसाधारणहरुवाट पृष्ठपोषण प्राप्त गर्ने नगरिएको, सेवाग्राहीहरु सेवा लिन अन्य व्यक्तिको सहयोग लिने गरेको अवस्था सर्वेक्षणको क्रममा देखापरेको छ । सेवाग्राही तथा सर्वसाधारणहरुबाट व्यक्त धारणा तथा अनुभूतिहरुको विश्लेषण गर्दा कार्यालयवाट सेवाग्राहीहरुले सामान्य खालको मात्र सन्तुष्टी प्राप्त गर्न सकेको अवस्था छ । यसैगरी सेवाग्राही तथा सर्वसाधारणहरुले उनीहरु प्रति गरिने व्यवहार सरल र मर्यादित पाउन नसकेको सर्वेक्षणले देखाएको छ ।

यसबाट कार्यालयहरुले आगामी दिनहरुमा सेवाप्रवाहमा प्रभावकारिता कायम गरी सेवाग्राहीहरुको सन्तुष्टीको स्तर उच्चतम पुऱ्याउन चुनौतीपूर्ण रहेको देखिन्छ । उनीहरुप्रति सम्मानित र मर्यादित व्यवहार प्रदर्शित गर्दै सिंगो सरकार प्रति सकारात्मक धारणा वनाउन सक्ने तुल्याउन समेत चुनौतीपूर्ण रहेको छ ।

यस सर्भेक्षणमा सेवाग्राही तथा सर्वसाधारणबाट थुप्रै पृष्ठपोषण प्राप्त भएका छन् । सम्वद्ध कार्यालयका प्रमुख तथा कर्मचारीहरु समेतको छलफल, अन्तरक्रिया समेतका आधारमा हेर्दा सेवा प्रवाहमा नीतिगत, प्रकृयागत तथा कार्यविधिगत सुधारको आवश्यकता पनि देखिन्छ । यस्तै भौतिक पूर्वाधारको उपलब्धता, सूचना प्रविधिको प्रयोग, विद्युतीय सामग्री, मिडियाहरुको सकारात्मक सहयोग एवं नागरिक समाजको चासो र कार्यालयहरु वीच समन्वय र साझेदारीमा नै जन अपेक्षा अनुरुप सेवा उपलब्ध गराई सेवाग्राहीको सन्तुष्टीको स्तरका साथै सेवाको गुणस्तर अभिवृद्धि गर्न सकिने देखिन्छ ।

जनतासँग प्रत्यक्ष सरोकार राख्ने सरकारी कार्यालयहरुले जनतालाई प्रवाह गर्ने सेवा के कसरी प्रदान गरिरहेका छन् ? सेवा के कति हदसम्म जनमुखी र  उत्तरदायी रहेको छ ? सेवाप्रति सेवाग्राही एवं सर्वसाधारणको धारणा के कस्तो रहेको छ ? सेवाग्राही तथा सर्वसाधारणहरुवाट प्राप्त गरेको सन्तुष्टिको स्तर के कस्तो रहेको छ भन्ने सम्वन्धमा सर्वेक्षण गरी सेवाग्राहीबाटै पृष्ठपोषण प्राप्त गर्ने उद्देश्यले तथा सरकारी कार्यालयहरुले प्रदान गराईरहेको सेवा प्रति सर्वसाधारण तथा सेवाग्राहीहरुको सन्तुष्टिको स्तरमापन गरी सुधारका लागि पृष्ठपोषण प्राप्त गर्ने उद्देश्यका साथ संचालन गरिएको सेवाग्राही

सन्तुष्टि सर्भेक्षणको नतिजाबाट जनताले अपेक्षा गरे अनुरुप सेवा भने पाउन नसकेको तर सुधारका लागि प्रयास भएको देखिन्छ । भक्तपुर र डोटी जिल्लाको सर्वेक्षण कार्यक्रमा सामान्य प्रशासन मन्त्रालयका सह सचिव श्री गज बहादुर रानाको नेतृत्वमा उप सचिव श्री सुर्यवदना पण्डित, शाखा अधिकृत श्री नारायण प्रसाद ज्ञवाली, ना.सु कुमार बहादुर कटुवाल लगायतका कर्मचारीहरुको संलग्नता रहेको थियो ।

**सर्वेक्षणबाट प्राप्त सकारात्मक पक्षहरु :**

- जिल्ला प्रशासन कार्यालय भक्तपुर, भक्तपुर नगरपालिका तथा भक्तपुर अस्पतालको आफ्नै कार्यालय भवन रहेको ।
- नापी कार्यालयले नापनक्सा डिजिटाईज्ड गर्दै रहेको ।
- नापी तथा मालपोत कार्यालयमा सेवाग्राहीहरुको लागि प्रतिक्षालय रहेको
- नापी कार्यालय र मालपोत कार्यालय नजिकै रहेकोले सेवाग्राहिलाई सेवा लिन सहज भएको ।
- भक्तपुर अस्पतालमा ,प्रतिक्षालय, खुलास्थान पर्याप्त रहेको साथै वहिरंग सेवामा पहिले आउनेलाई पहिले सेवा दिने व्यवस्था मिलाइएको ।
- सर्वसाधारणको सेवा प्राप्त गर्ने अधिकार प्रतिको सचेतना बढ्दै गएको देखिन्छ ।
- सेवाग्राहीप्रति गर्ने व्यवहारमा कर्मचारीहरु सचेत हुन थालेको देखिएको ।
- जिल्ला प्रशासन कार्यालय डोटीको सुविधा सम्पन्न भवन निर्माणाधीन रहेको, नगरपालिका, स्वास्थ्य तथा मालपोत कार्यालयहरुको आफ्नै कार्यालय भवन रहेको,
- जिल्ला प्रशासन कार्यालयले नागरिकताको अभिलेख कम्प्युटीकृत गर्दै रहेको,
- जिल्ला प्रशासन कार्यालयको समन्वयमा कार्यालयहरुले समय समयमा सार्वजनिक सुनुवाई तथा घुम्ती सेवा संचालन गर्ने तथा सहभागी हुने गरेका,
- नगरपालिकामा सेवाग्राहीहरुको लागि प्रतिक्षालय तथा खुला स्थान रहेको साथै कर सम्वन्धी अभिलेखहरु कम्प्युटीकृत गरिएको,
- स्वास्थ्य कार्यालयको वडापत्र स्पष्ट र देखिने स्थानमा रहेको ,
- सेवाग्राहीप्रति गर्ने व्यवहारमा कर्मचारीहरु सचेत हुन थालेको ।

**सेवाग्राही सन्तुष्टि सर्वेक्षण टोलीका सुझावहरु :**

- कार्यालयको सुरक्षा, सरसफाई, शौचालय, खानेपानीको प्रवन्ध, प्रतिक्षालय, चमेनागृह, लोकेशन म्याप जस्ता सेवाग्राहीहरु संग प्रत्यक्ष सम्वन्धित सेवाग्राहीमैत्री पूर्वाधार विकासमा कार्यालयहरुले शीघ्र ध्यान दिनुपर्ने  देखियो ।

- सेवाग्राहीहरुबाट समय समयमा उनीहरुको सन्तुष्टि/असन्तुष्टि सम्बन्धमा कार्यालयले पृष्ठपोषण लिने नीतिगत तथा कानूनी व्यवस्था हुनु पर्ने देखियो ।

- मालपोत र नापी कार्यालयहरुमा लेखापढी व्यवसायी/लेखनदासहरुबाट हुने गरेको कामलाई व्यवस्थित तुल्याउन आवश्यक देखिएको ।

- सरकारले सेवाग्राहीहरुको लागि जारी गरेको नागरिक वडापत्र, गुनासो सुन्ने अधिकारी, सूचना अधिकारी, गुनासो पेटिका जस्ता प्रावधानहरुको उपयोग सेवाग्राहीहरुवाट अत्यन्त न्यून हुने गरेको ।

- विचौलियाहरुले गर्दा कार्यालय र सेवाग्राही वीचको सम्वन्ध टाढिने र विचौलियाहरुसंगको सम्वन्ध वढन सक्ने खतरा उत्पन्न भएको छ ।

- प्रकृयागत कुराले कतिपय सेवाग्राहीहरु सहजरुपमा सेवा लिन नसकेको अवस्थामा सोधपुछ कक्ष/सहयोग कक्ष, लोकेशन म्याप, प्रकृया सरलीकरण जस्ता विषयमा आवश्यक  प्रवन्ध मिलाउन जिल्ला प्रशासन कार्यालय स्वयं र उक्त कार्यालय मार्फत सबै कार्यालयहरुलाई निर्देशित गर्ने र सो को अनुगमन गर्ने गराउने ।

- सेवा प्रवाहमा सुधार ल्याउन संचार माध्यमहरुको सहयोग, तथा निकायगत समन्वय  वढाउनु पर्ने देखिन्छ ।

- कार्यालयहरुवाट प्रवाह गरिने सेवालाई प्रभावकारी तुल्याउने सम्बन्धमा नागरिक प्रतिनिधिहरुसँग समय समयमा छलफल, अन्तरक्रिया गरी  सहयोगको वातावरण सिर्जना गर्नुपर्ने देखिन्छ ।

- कुनै कर्मचारीको अनुपस्थितिमा काम नरोकिने प्रवन्ध मिलाउनु पर्ने ।

- कार्यालयहरुले कम्प्युटीकृत अभिलेख प्रणाली, वेवसाईट निर्माण, डिजिटल वडापत्र जस्ता माध्यमवाट पनि सेवा प्रवाहमा प्रभावकारिता ल्याउन पहल गर्ने ।

- एकीकृत भू-सूचना प्रणालीको अवलम्वन गर्न सकिएमा प्रभावकारी हुने भएकोले नेपाल सरकारले ध्यान दिनुपर्ने ।

- समताको आधारमा अशक्त, अपाङ्गता भएका व्यक्ति, गर्भवती, सुत्केरी महिला, वालवालिका, वृद्धावृद्धाहरुलाई सेवा प्रवाहमा प्राथमिकता दिने ।

- सेवा प्रवाहमा पहिले आउनेलाई पहिले सेवा (**first come first serve**) प्रदान गर्न टोकन प्रणाली लागु गर्ने ।

- कर्मचारीहरुलाई व्यवहार परिवर्तन सम्वन्धी तालिम प्रदान गरिनु पर्ने ।

- कार्यालय तथा सेवाग्राहीहरुको क्षमता विकास सम्वन्धी कार्यक्रम संचालन गरिनु पर्दछ ।

- नागरिक वडापत्र सेवाग्राहीमैत्री तुल्याउने । (देखिने स्थानमा, पढन सकिने आकारमा अद्यावधिक गर्ने, जिम्मेवार कर्मचारी र कोठा नं उल्लेख गर्ने)

- कर्मचारीहरुमा समयपालना र नियमितताको विषयमा कार्यालय प्रमुखले आवश्यक व्यवस्था मिलाउनु पर्ने ।

- गुनासो सुन्ने अधिकारी तथा सूचना अधिकारीको नाम, सम्पर्क सहित कार्यालयको प्रवेश विन्दुमै राख्नुपर्ने ।

- कार्यालयहरुमा सोधपुछ कक्ष, सहयोग कक्षको व्यवस्था, तथा सेवाग्राहीमैत्री पूर्वाधार विकासमा कार्यालयहरुले ध्यान पुरयाउनु पर्ने ।

- सेवाग्राहीको मूल्याङ्कनको आधारमा कर्मचारीलाई पुरस्कृत र दण्डीत गर्ने परिपाटी थालनी गर्नुपर्ने ।

- सेवाग्राहीको सेवा माग गर्ने अधिकार, प्रकृया र विधिको वारेमा क्षमता अभिवृद्वि गर्न विभिन्न कार्यक्रमहरु सन्चालन गर्नुपर्ने ।

- समय समयमा सार्वजनिक सुनुवाई मार्फत जनताका पृष्ठपोषण प्राप्त गर्ने, सो अनुरुप सुधार कार्ययोजना तयार गर्ने, सुझावहरु अभिलेख गर्ने र कार्यान्वयनको अवस्था अनुगमन गर्ने गराउने सम्मको सम्बन्धित कार्यालयले व्यवस्था गर्ने ।

- सेवाप्रवाहसंग सम्वन्धीत आधारभूत विषयहरुलाई ध्यान नदिइएको कारणले पनि सेवाग्राहीहरुले सहजरुपमा सेवा लिन नसकेको अवस्थामा सेवाप्रवाहका आधारभूत पक्षहरु सोधपुछ कक्ष/सहयोग कक्ष, लोकेशन म्याप, प्रकृया सरलीकरण, पृष्ठपोषण, घुम्ती सेवा, मैत्री व्यवहार,सहज कार्यालय विन्यास, वडापत्र बमोजिम कार्यसम्पादनको सुनिश्चितता, आधारभूत सरसफाई, शौचालयको उचित प्रवन्ध, समताको आधारमा सेवा प्रवाह, अशक्तहरुलाई सेवाप्रवाहमा प्राथमिकता, पहिले आउनेलाई पहिले सेवा प्रदान गर्ने जस्ता विषयमा आवश्यक प्रवन्ध मिलाउन जिल्ला प्रशासन

कार्यालय स्वयं र उक्त कार्यालय मार्फत सबै कार्यालयहरुलाई निर्देशित गर्ने र सो को अनुगमन गर्ने  गराउने ।

## ५.नेपाल सरकारका सचिवहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम

शासकिय सुधारका लागि सार्वजनिक प्रशासनको तयारी आयोजना (PREPARE) को आयोजनामा नेपाल सरकारका सचिवहरुसँग  सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डित को उपस्थितिमा मिति २०७१ असार ७ गते सामान्य प्रशासन मन्त्रालयमा अन्तरक्रिया तथा छलफल सम्पन्न भयो । नेपाल सरकारका मुख्य सचिव श्री लीलामणि पौड्याल को अध्यक्षतामा सम्पन्न सो कार्यक्रममा नेपाल सरकारका अधिकांश सचिवहरुको उपस्थिति रहेको थियो । देश संघिय शासन प्रणालीमा गईरहेको सन्दर्भमा सोही अनुसार प्रशासनको पुनसंरचना गर्ने सिलसिलामा हाल केन्द्रियस्तरबाट सम्पन्न भईरहेका कार्यहरु र स्थानीय स्तरबाट भईरहेका कार्यहरुलाई आगामी प्रशासनिक पुनसंरचना अनुसार केन्द्रबाट सम्पादन गर्नुपर्ने कार्यहरु ,प्रदेशस्तरबाट गर्नुपर्ने कार्यहरु र स्थानियस्तरबाट गर्नुपर्ने कार्यहरु छुट्टाई सो को कार्यगत विश्लेषण गर्ने सन्दर्भमा उक्त अन्तरक्रिया कार्यक्रम केन्द्रित थियो । उक्त कार्यक्रममा महत्वपुर्ण सेवा प्रदान गर्ने ,आधारभुत सेवा प्रदान गर्ने र तल्लो तहसम्म संरचना भएका कार्यालयहरुबाट सम्पादन हुने कार्यको बारेमा सम्बन्धित निकायका सचिवबाट आफ्नो धारणा प्रस्तुत गर्नुका साथै सार्वजनिक सेवा प्रवाहलाई आगामी दिनमा कसरी प्रभावकारी बनाउने विषयमा समेत छलफल भएको थियो ।

## ६.मनाङ र लमजुङ जिल्लामा व्यवस्थापन परिक्षण,कार्य सम्पादन मुल्याकँन,कार्यविवरण र शासकीय सुधार नीति कार्यान्वयन अनुगमन  तथा समावेशीकरण सम्बन्धी कार्यक्रम

सामान्य प्रशासन मन्त्रालय,व्यवस्थापन परिक्षण शाखा,संगठन विकास शाखा,वढुवा व्यवस्थापन शाखा र प्रशासन सुधार शाखाको आ.व.०७०।०७१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मितिः २०७१।३।१ देखि मितिः २०७१।३।७ सम्म लमजुङ र मनाङ जिल्लाहरुमा व्यवस्थापन परिक्षण,कार्य विवरण सम्बन्धी अभिमुखिकरण ,कार्य सम्पादन मूल्याँङ्कन सम्बन्धी  अभिमुखिकरण र शासकीय सुधार कार्यक्रमको अनुगमन तथा समावेशीकरण सम्बन्धी कार्यक्रम सम्पन्न भएको छ ।  निजामती सेवा ऐन २०४९को दफा ७२  (क) ले दिएको अधिकार प्रयोग गरी लोकसेवा आयोगका कार्यक्षेत्रभित्रका विषयहरु वाहेक नेपाल सरकारका विभिन्न निकायहरुमा कार्यरत निजामती कर्मचारीहरुले प्रचलित कानुन तथा अन्य प्रशासकिय नियम र कार्यविधिहरु पालना गरे नगरेको सम्वन्धमा सामान्य प्रशासन मन्त्रालयले व्यवस्थापन परीक्षण कार्य गर्दै आएको छ । यसै क्रममा जिल्लास्थित कार्यालयका प्रमुख तथा अन्य कर्मचारीहरुलाइ अभिमुखीकरण गरी व्यवस्थापन परिक्षणका सम्वन्धमा जानकारी गराउने उद्देश्यले लमजुङ जिल्लामा यो अभिमुखीकरण कार्यक्रम संचालन गरिएको हो । अभिमुखीकरण कार्यक्रममा

कार्यपत्र प्रस्तुतीकरण र सो उपर सहभागीहरुबाट उठेका जिज्ञासाहरुको वारेमा स्पष्ट पार्ने काम भएको थियो । त्यसैगरी संगठन विकास शाखाको कार्यक्रम अन्तरगत निजामती सेवामा कार्यविवरण विषयक कार्यपत्र प्रस्तुत गरि सो विषयमा भएका कमि कमजोरीहरु बारे छलफल तथा अन्तरक्रिया समेत भएको थियो । लमजुङ जिल्लामा नै बढुवा व्यवस्थापन शाखाको तर्फबाट कार्य सम्पादन मूल्याँङ्कन सम्बन्धी कार्यपत्र शाखाका उप सचिव शिवराम न्यौपानेले प्रस्तुत गर्नु भएको थियो भने कार्य सम्पादन मूल्याँङ्कन,यसको महत्व,भर्ने तरिका,उपयोग कार्य सम्पादन मूल्याँङ्कनमा देखिएका समस्याहरु र गर्नु पर्ने सुझावहरु बारेमा विस्तृत रुपमा सहभागीहरु वीच  छलफल तथा अन्तरक्रिया सम्पन्न भएको थियो । सामान्य प्रशासन मन्त्रालयका सह सचिव श्री बावुराम अधिकारीको नेतृत्वमा बढुवा व्यवस्थापन शाखाका उप सचिव श्री शिवराम न्यौपाने, संगठन विकास शाखाका उप सविच श्री तीर्थ प्रकाश पौडेल, सहित व्यवस्थापन परीक्षण शाखा,संगठन विकास शाखा र बढुवा व्यवस्थापन शाखाका अन्य अधिकृत तथा सहायक कर्मचारीहरु समेतको संलग्नतामा संचालित सो कार्यक्रमको संयोजकत्व लमजुङ जिल्लाका निमित्त प्रमुख जिल्ला अधिकारी श्री तुलसीराम पौडेलले गर्नु भएको थियो भने कार्यक्रममा लमजुङ जिल्लास्थित सम्पूर्ण सरकरी कार्यालयका प्रमुख तथा अन्य कर्मचारी प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।



## लमजुङ जिल्लामा भएको अन्तरक्रिया तथा छलफल कार्यक्रम

यसै गरि सामान्य प्रशासन मन्त्रालयका सहसचिव श्री बाबुराम अधिकारीको नेतृत्वमा बढुवा व्यवस्थापन, संगठन विकास, व्यवस्थपन परिक्षण, र प्रशासन सुधार शाखाका अधिकृत र सहायक कर्मचारी रहेको टोलीले मिति २०७१।३।४ गते मनाङ जिल्लामा अन्तरक्रिया, अभिमुखिकरण, छलफल तथा व्यवस्थापन परिक्षण कार्यक्रम सम्पन्न गरेको थियो । मनाङ जिल्लाका निमित्त प्रमुख जिल्ला अधिकारी श्री रामहरि शर्माको सभापतित्वमा सम्पन्न कार्यक्रममा मनाङ जिल्ला स्थित सम्पूर्ण सरकारी कार्यालयका प्रमुखहरु, प्रतिनिधिहरु र अन्य कर्मचारीहरुको समेत सहभागीता रहेको थियो । कार्यक्रममा स्वागत मन्तव्य तथा कार्यक्रमको उद्देश्य माथी प्रकाश पार्ने काम संगठन विकास शाखाका उप सचिव श्री तीर्थ प्रकाश पौडेले गर्नु भएको थियो भने बढुवा व्यवस्थापन शाखाका उप सचिव श्री शिवराम न्यौपानेले निजामती सेवामा कार्य सम्पादन मूल्याँङ्कन एवं निजामती सेवामा समावेशीकरण तथा शासकीय सुधार कार्यक्रम विषयक कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । त्यसै गरी निजामती सेवामा व्यवस्थापन परिक्षण र निजामती सेवामा कार्य विवरण विषयक कार्यपत्र समेत प्रस्तुत गरिएको थियो । उक्त जिल्लामा जिल्ला विकास समितिको कार्यालय मनाङ, महिला तथा वालवालिका कार्यालय मनाङ र कोष तथा लेखा नियन्त्रक कार्यालय मनाङको व्यवस्थापन परिक्षण कार्य समेत गरिएको थियो ।



**मनाङ जिल्लामा  भएको अन्तरक्रिया कार्यक्रम**

## ७. इलाम र डडेल्धुरामा सुशासन, विकास निर्माण र सेवा वितरणमा निजामती कर्मचारीको परिचालन र यसको प्रभावकारीता विषयक छलफल तथा अन्तरक्रिया कार्यक्रम

सामान्य प्रशासन मन्त्रालयको आयोजनामा मिति २०७१।२।२६ गते इलाम जिल्लामा सुशासन, विकास निर्माण र सेवा वितरणमा निजामती कर्मचारीहरुको परिचालन र यसको प्रभावकारिता विषयक छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रममा मूलतः निजामती सेवामा कार्यविवरण विषयमा  छलफल भएको थियो । इलाम जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री वासुदेव दाहाल, स्थानीय विकास अधिकारी श्री मदन कोइराला लगायत इलाम जिल्ला स्थित प्रायःजसो सबै सरकारी कार्यालयका कार्यालय प्रमुखहरु तथा प्रतिनिधिहरुको सक्रिय सहभागीता रहेको सो कार्यक्रममा सहभागीहरुले HR policy नभएको, दरवन्दी अनुसार कर्मचारी अभाव भएको, अनुगमन सुपरिवेक्षण प्रभावकारी नभएको, तालिम गोष्ठी सेमिनार  धेरै भएका, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, परिवर्तित कार्यप्रणाली अनुरुप O&M हुनु पर्ने, तालिम अनिवार्य हुनु पर्ने, स्रोतसाधनको समस्या भएको, सरुवा गर्दा सेवा वितरण कार्यमा प्रभाव नपर्ने गरी गर्नु पर्ने जस्ता विषय उठाएका थिए । सहभागीहरुबाट आएका समस्या तथा गुनासाहरुको सम्बोधन गर्ने क्रममा सामान्य प्रशासन मन्त्रालयका सचिव श्री इइन्द्र प्रसाद उपाध्यायज्यूले कर्मचारीहरुले जनतालाई सेवा प्रवाह गर्ने तथा सेवा वितरण गर्ने कार्यलाई आफनो प्रमुख दायित्व संझेर जनताको सेवा प्राप्त गर्ने अधिकारको सम्मान गर्नु पर्ने, आफनो व्यवहार तथा कार्य संस्कृति सेवाग्राहिमैत्री वनाई कार्य गर्नु पर्ने, आफनो सेवा सुविधाहरुको बारेमा मात्र नसोचि जनतालाई सेवा वितरण गर्ने र सुशासन कायम गर्ने कार्यमा लाग्नु पर्ने कुरा उल्लेख गर्नु भएको थियो । त्यसै गरि मितिः २०७१।३।११ गते डडेल्धुरा जिल्लामा सुशासन विकास र सेवा वितरणमा निजामती कर्मचारीको परिचालन र यसको प्रभावकारिता विषयमा डडेल्धुरा जिल्ला स्थित सरकारी कार्यालयका प्रमुखहरु एवं प्रतिनिधिहरुसंग सामान्य प्रशासन मन्त्रालयका सचिव श्री इइन्द्र प्रसाद उपाध्यायको नेतृत्वमा रहेको सामान्य प्रशासन मन्त्रालयको कार्यक्रम आयोजक टोलीको अन्तरक्रिया तथा छलफल कार्य सम्पन्न भयो । डडेल्धुरा जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री शिवराज जोशीको संयोजनमा सम्पन्न उक्त अन्तरक्रिया तथा छलफल कार्यक्रममा डडेल्धुरा जिल्ला स्थित सबै सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधिहरुको सहभागिता रहेको थियो । सहभागिहरुले उक्त कार्यक्रममा विशेष गरेर सरुवा व्यवस्थालाई व्यवस्थित गर्नु पर्ने, वृति विकासका अवसरको समान वितरण गर्नु पर्ने, सकारात्मक सोच सहितको तालिम कार्यक्रम संचालन गरिनु पर्ने, मन्त्रालय, विभाग, क्षेत्र र जिल्लास्तरीय गोष्ठिहरु समन्वयात्मक रुपमा संचालन गरिनु पर्ने, रा.प.अनंकित कर्मचारीहरुको पोष्टिङ गर्ने गरि व्यवस्था मिलाइनु पर्ने, वैदेशिक भ्रमण तथा तालिममा जिल्ला स्तरका र तल्लो निकायमा कार्यरत कर्मचारीहरुलाई पनि अवसर उपलब्ध गराईनु पर्ने, स्थानीय निकायमा कार्यरत कर्मचारीहरुको पनि सरुवा हुने व्यवस्था गर्नु पर्ने, का.स.मु वस्तुनिष्ठ र कार्यसँग आवद्ध हुनु पर्ने, कर्मचारीको क्षमता

अभिवृद्धिका लागि विभिन्न कार्यक्रम संचालन गरिनु पर्ने, लामो समय सम्म एउटै कर्मचारीलाई एक ठाउँमा राख्न नहुने जस्ता सुझावहरु दिएका थिए भने बजेट रकमको समस्या, जिल्लामा जग्गा छुटयाउने सम्बन्धी समस्या,निजामती सेवामा पनि सेवा सुविधाहरुमा विभेद रहेको, अस्थायी, करारमा कर्मचारी राख्ने व्यवस्थाले समस्या निम्ताएको, प्राविधिक र प्रशासनिक कर्मचारी कसलाई निमित्त दिने भन्ने प्रष्ट नभएको, कृषि सेवा केन्द्रहरु कम भएको जस्ता गुनासाहरु राख्नु भएको थियो । छलफल तथा अन्तरक्रिया कार्यक्रममा सहभागीहरुबाट आएका गुनासाहरुको सम्बोधन गर्दै सामान्य प्रशासन मन्त्रालयका सचिव श्री इन्द्र प्रसाद उपाध्यायज्यूले मन्त्रालयको तर्फबाट आफ्नो धारणा राख्नु भएको थियो । कार्यक्रममा आफनो धारणा राख्ने क्रममा सचिवज्यूले कर्मचारीहरुले नागरिक सेवाको लागी निष्पक्ष भएर लाग्नु पर्ने, सेवा सुविधामा मात्र ध्यान नदिने, सेवा प्रवाहमा ध्यान दिने, उत्तरदायी भएर कार्य गर्ने, राम्रो काम गर्ने कर्मचारीहरुको core team बनाएर काम गर्ने, कर्मचारीहरु प्रतिको विश्वास बढाउने, समयमा नै विकास निर्माण लगायतका कार्यक्रम संचालन र सम्पन गर्नु पर्ने operation level मा जनतालाई Response गर्ने हो भने पनि आधा समस्या समाधान हुने कुरा उल्लेख गर्नु भएको थियो ।

## ८. बजेट वक्तव्यको ३४८ नं. बुंदाका बारेमा गठित कार्यटोलीको सुझाव प्रतिवेदन

आ.व.०७०।७१ को लागि बजेटको बुँदा नम्बर ३४८ मा निजामती, जंगी, प्रहरी, शिक्षक लगायतका राष्ट्रसेवक कर्मचारीहरुका लागि स्थानीय भत्ता, सावधिक जीवन बीमा, फिल्ड भत्ता, वार्षिक ग्रेड, संचित बिदा, पोशाक भत्ता, पर्यटन काज, दैनिक तथा भ्रमण खर्च तथा टेलिफोन सुविधा जस्ता सहुलियत एवं सुविधाका सम्बन्धमा अध्ययन गरी राय सुझाव पेश गर्न विषयविज्ञको संयोजकत्वमा कार्यटोली बनाई प्रतिवेदन लिने व्यवस्था मिलाइनेछ भन्ने व्यहोरा उल्लेख भएबमोजिम माननीय अर्थमन्त्री स्तरीय मिति २०७०।१२।६ को निर्णयअनुसार राष्ट्रसेवक कर्मचारीहरुको सहुलियत एवं सुविधा सम्बन्धमा अध्ययन गरी राय सुझाव दिन सामान्य प्रशासन मन्त्रालयका सचिव श्री इन्द्र प्रसाद उपाध्यायको संयोजकत्वमा अर्थ मन्त्रालयका सहसचिव श्री वैकुण्ठ अर्याल, गृह मन्त्रालयका सहसचिव श्री यादव प्रसाद कोइराला, रक्षा मन्त्रालयका सहसचिव श्री राजीव गौतम, शिक्षा मन्त्रालयका सहसचिव श्री हरि लम्साल, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सहसचिव श्री केदार ब.अधिकारी सदस्य र सदस्य सचिव सामान्य प्रशासन मन्त्रालयका उपसचिव श्री योगेन्द्र प्रसाद पाण्डेय रहेको कार्यटोली गठन भएकोमा सो कार्यटोलीले राष्ट्रसेवक कर्मचारीहरुका सेवा सुविधा तथा सहुलियतका सम्बन्धमा विस्तृत अध्ययन गरी आफनो सुझाव प्रतिवेदन मिति २०७१।३।२२ मा माननीय अर्थमन्त्री रामशरण महत समक्ष पेश गरेको छ । उक्त कार्यटोलीको प्रतिवेदनमा राष्ट्रसेवक कर्मचारीहरुको सहुलियत तथा सुविधा हरुका सम्बन्धमा कर्मचारीहरुलाई दिन सकिने मौद्रिक तथा गैरमौद्रिक सुविधाहरु, अन्य सहुलियत तथा सुविधाहरुको बारेमा आफनो सुझाव प्रस्तुत गरेको थियो । त्यस्तै राष्ट्रसेवक कर्मचारीहरुको लागि शैक्षिक सुरक्षा बीमा, कर्मचारीहरुलाई प्रदान गर्न सकिने खाजा भत्ता, परिवहन भत्ता, कर्मचारीहरुको लागि आवास

सुविधा, कर्मचारीहरुले पाउने संचित विदा, कर्मचारीहरुको वार्षिक ग्रेड बृद्धि, स्थानीय भत्ता, फिल्ड भत्ता, राष्ट्रसेवक कर्मचारीहरुको सावधिक जीवन बीमा, स्वास्थ्य बीमा, कर्मचरीहरुलाई प्रदान गरिने पोशाक भत्ता, टेलिफोन सुविधा, कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ता, राष्ट्रसेवक कर्मचारीहरुको पेन्सन सुविधा, कर्मचारीले प्राप्त गर्ने प्रसुती विदा, र एउटै तहका सम्पूर्ण कर्मचारीहरुले प्राप्त गर्ने सेवा सुविधाहरुमा एकरुपता कायम गर्नु पर्ने लगायतका विषयमा सुझावहरु प्रस्तुत गरेको थियो ।

## ९. रोल्पा, प्यूठान लगायतका जिल्लामा अभिमुखिकरण कार्यक्रम सम्पन्न

निजामती सेवा ऐन तथा नियमावलीले कार्य विवरणको अनुगमन गर्ने जिम्मेवारी सामान्य प्रशासन मन्त्रालयलाई दिएको छ । विभिन्न निकायहरुमा निजामती सेवा अध्यादेश, २०६९ बमोजिम साविकको २४घ१ बाट भएको बढुवा समायोजन र संगठन तथा व्यवस्थापन सर्भेक्षण सम्बन्धी कार्यको अभिमुखीकरणका साथै सालवसाली रुपमा स्वीकृत गरिने अस्थायी दरवन्दीको अनुगमन गर्ने कार्य समेत यस मन्त्रालयले गर्दै आएको छ । यसैक्रममा सामान्य प्रशासन मन्त्रालय संगठन विकास शाखाको आयोजनामा मिति २०७१।२।६ गते प्यूठान जिल्लामा २०७१।२।७ गते रोल्पा जिल्लामा र २०७१।२।८ गते रुकुम जिल्लामा कार्यविवरण र संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । उल्लेखित जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुको सभापतित्वमा सम्पन्न भएका अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रमको मुख्य उद्देश्य कार्यविवरण सम्बन्धी अभिमुखिकरण गर्ने,संगठन तथा व्यवस्थापन सर्वेक्षण तथा साविकको २४(घ)१ बमोजिमको दरबन्दी र समायोजन सम्बन्धी अन्तरक्रिया एवं अस्थायी दरबन्दी सम्बन्धी अनुगमन कार्य सम्पन्न गर्नु रहेको थियो । अन्तरक्रिया तथा अभिमुखिकरण कार्यक्रमा सहभागीहरुले मुख्य रुपले निम्न विषयहरुमा  जिज्ञासा  राखेका थिए ।

१. कार्य विवरण तयार गर्ने तरीका र विधि

२. O&M गर्दा नमिलेको दरवन्दी

३. कार्यबोझ अनुसार कर्मचारी नभएको

४. कार्यविवरण स्वीकृत गरी लागु गर्ने अधिकारी

५. कार्यविवरण फाराममा रहेका अस्पष्टताहरु

६. कर्मचारीको सरुवा र पदस्थापनाको विषय

७. कार्यसम्पादन मूल्यांकन र बढुवाका विषय

उल्लेखित जिज्ञासाहरुको सम्बन्धमा सामान्य प्रशासन मन्त्रालय, प्रशासन सुधार महाशाखाका प्रमुख सहसचिव श्री गजबहादुर रानाले सहभागीहरुले राख्नु भएको जिज्ञासा बारे प्रष्ट पार्नु भएको थियो । संगठन विकास शाखाको आयोजनामा सम्पन्न सो कार्यक्रमको दौरानमा कार्य विवरणबारे रहेका

अस्पष्टताहरुलाई प्रष्ट पार्ने कार्यका साथै जिल्लामा भएका अस्थायी दरबन्दीहरुको अनुगमन गर्ने कार्य समेत गरिएको थियो ।

## १०. सुशासनका सन्दर्भमा प्रशासकीय न्याय र विभागीय कारवाही विषयक अन्तरक्रिया तथा छलफल कार्यक्रम

प्रशासकीय अदालतको आयोजना र सामान्य प्रशासन मन्त्रालयको सहयोगमा विभिन्न निकायका विभागीय प्रमुखहरुसँग सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितको उपस्थितिमा वि.स.२०७१ असार १३ गते सामान्य प्रशासन मन्त्रालयमा सुशासनको सन्दर्भमा प्रशासकिय न्याय र विभागीय कारबाही सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रम प्रशासकीय अदालतका अध्यक्ष श्री काशीराज दाहालको अध्यक्षतामा सम्पन्न भयो । कार्यक्रमको अध्यक्षता गर्ने क्रममा निजामती सेवा ऐनमा रहेका केही प्रावधानहरु समयानुकुल नरहेको प्रष्ट पार्दै उहांले स्पष्टीकरण सोध्ने र कारबाही गर्ने पदाधिकारी एउटै हुनुपर्ने, निमित्त अधिकारीले विभागीय कारबाही सम्बन्धी निर्णय गर्न नपाउने ,स्वविवेकीय अधिकारको दुरुपयोग गर्न नहुने, निर्देशनका आधारमा निर्णय गर्न नहुने यदि त्यस्तो गरिएमा सो निर्णय बदर हुने बारे जानकारी प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यक्रममा विभागीय प्रमुखहरुले विभिन्न जिज्ञासा राख्नुभएको थियो । श्रम विभागका प्रमुखले दण्ड दिने कुरा ऐनमा व्यवस्था भएको तर पुरष्कार दिने अधिकार नभएकोले यसबारे ध्यान दिन जरुरी भएको बताउनुभयो । त्यसैगरी निजामती किताबखानाका प्रमुखले निजामती कर्मचारीले सिटरोल समयमा नभरेको, पुराना कर्मचारीको आवश्यक कागजात नपुग्ने गरेको, अभिलेख व्यवस्थित अझैपनि पर्याप्त नभएको लगायतका समस्याहरु बारे बोल्नुभएको थियो । सहभागीका जिज्ञासाको जवाफ एवं आफनो धारणा राख्नुहुंदै प्रधानमन्त्री एवं मन्त्रीपरिषद कार्यालयका सचिव श्री कृष्णहरी बाँस्कोटाले जनताले कर्मचारीहरुलाई कर्मचारी भनेका शासक हुन सेवक होइनन उनीहरुकै हातमा कानुन छ भन्ने भावना रहेकोमा सो सोचलाई जनताको मष्तिष्कबाट हटाउन सेवा प्रवाहमा कुनै कसर बाँकी नराखी कार्य गर्न निर्देशन दिनुभयो । टिप्पणी स्वीकृत गर्दा निर्णय प्रष्ट लेखिनुपर्ने, अपराध गर्नेलाई बचाउ गर्ने मनसायले कार्य गर्न नहुने, दण्डहिनताको अन्त्य गर्नुपर्ने, सचिव, विभागीय प्रमुखहरुको पदस्थापनामा उसको क्षमता अनुसार गर्नुपर्ने बताउनुभएको थियो । त्यसैगरी उहांले विभागीय प्रमुखको बैठक समेत तीन तीन महिनामा गर्नुपर्ने बताउनुभएको थियो ।

सामान्य प्रशासन मन्त्रालयका सचिव श्री ङइन्द्र प्रसाद उपाध्यायले मन्त्रालयको तर्फबाट गर्नुपर्ने कार्यहरु तुरुन्त सम्पादन गरिने बताउनुभयो । उहांले अभिलेख व्यवस्थापन पक्ष कमजोर रहेको, अभिलेख नै त्रुटिपूर्ण रहेको हुंदा कानुन विपरित कार्य गर्नेलाई कारबाही गर्न कठिन रहेको बताउनुभएको थियो । उहांले सुविधा मात्र लिने इमान्दार नहुने अनि कर्तव्य बिर्सने प्रवृत्ति रहेकोले सुशासनको अवस्था कमजोर भएको बताउनुभएको थियो । उहाँले माया गर्नुपर्ने व्यक्तिलाई माया गर्नुपर्ने तर सजाय गर्नुपर्ने व्यक्तिलाई समेत माया गर्ने प्रवृत्ति हावी भएकोले सेवा प्रवाहमा असर परेकोले सो हुन नदिनका लागि आवश्यक पहल गर्न विभागीय प्रमुखहरुलाई निर्देशन दिनुभएको थियो । कार्यक्रमलाई सम्बोधन गर्दै सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितले आफूले नेपालको प्रशासनिक सुधार बाहेक अरु

नसोचेको बताउनुभयो । उहाँले भइरहेका ऐन नियमलाई आधार मानेर इमान्दारपूर्वक कार्य गर्नुपर्ने र यदि ऐन नियममा सुधार गर्नुपर्ने भएमा सो समेत जानकारी दिन आग्रह गर्नुभयो ।

## ११.सामान्य प्रशासन मन्त्रालयका अन्य गतिविधिहरु

### (क) जापानमा भएको लैंगिक मूलप्रवाहीकरण विषयक तालिममा सहभागिता

जापान सरकारको अन्तर्राष्ट्रिय सहयोग संस्था (JICA) को सहयोगमा यही मिति २०७१।०२।०७ देखि २०७१।०३।०७ सम्म (तदनुसार २०१४ मे २१ देखि जून २१ सम्म) जापानमा सम्पन्न भएको लैंगिक मूलप्रवाहीकरण नीतिहरु (Gender Mainstreaming Policies for Government Officers) विषयक तालिममा सामान्य प्रशासन मन्त्रालयका शाखा अधिकृत अनुनय बाँस्तोला सहभागी हुनुभएको थियो । उक्त तालिम कार्यक्रम किताक्यूशु शहरमा रहेको जाईकाको आवासीय तालिम केन्द्रमा सञ्चालन भएको थियो ।

कार्यक्रममा नेपाल, मालदिभ्स, म्यानमार, घाना, नाईजेरिया, सोलोमन आईल्याण्डका १/१ र कम्बोडियाका २ जना गरी जम्मा आठ जना प्रतिनिधिहरुको सहभागिता रहेकोथियो । तालिम कार्यक्रमको संयोजन तथा व्यवस्थापन “किताक्यूशु फोरम अफ एशियन वीमेन” ( Kitakyushu Forum on Asian Women : KFAW ) नामक संस्थाले गरेको थियो । केन्द्रियस्तरका नीतिनिर्माण गर्ने तहका निकायहरुका लागि लक्ष्यित गरिएको उक्त तालिमको उद्धेश्य राष्ट्रिय जेण्डर मेशिनरी national gender machinery)मा लैंगिक संवेदनशीलताको प्रवर्द्धन गर्नु रहेको थियो । तालिमले सहभागी राष्ट्रहरुसँग लैंगिक समता तथा मूलप्रवाहीकरणका अनुभव आदानप्रदान गर्नुको साथै जापानी सफलताका अनुभवहरुले सहभागी राष्ट्रका नीति तथा कार्यक्रमहरुमा लैंगिक संवेदनशीलता बढाउने उद्देश्य राखेको थियो ।

तालिम कार्यक्रमको प्रथम चरणमा सहभागीहरुले आआफ्नो देशको परिचयका साथै विद्यमान लैंगिक नीति कार्यक्रमहरु, सो को कार्यान्वयनको अवस्था, समस्याहरु तथा सुधारका संभावनाका बारेमा प्रस्तुतिकरण (कन्ट्री रिपोर्ट) गर्नुभएको थियो । तालिममा लैंगिक मूलप्रवाहीकरण सम्बन्धी नीतिहरुको परिचय, स्थानीय निकाय/शहरी विकास/कृषि/स्वास्थ्य लगायतका क्षेत्रमा लैंगिक मूलप्रवाहीकरणसँग सम्बन्धित जापानी अनुभवहरु, लैंगिक उत्तरदायी परियोजना चक्र जस्ता विविध विषयमा प्रशिक्षण प्रदान गरिएको थियो । सिकाईका क्रममा सैद्धान्तिक प्रशिक्षण, छलफल, कार्यशाला, समूहगत कार्य, प्रस्तुतिकरण तथा अवलोकन भ्रमण जस्ता विधिहरुको प्रयोग गरिएको थियो । तालिमको अन्तिम चरणमा प्रशिक्षार्थीहरुले आफ्नो कार्ययोजना प्रस्तुत गर्नुभएको थियो र राम्रा कार्ययोजनामा जाईकाले सहयोग गर्ने प्रतिवद्धता जाईकाका प्रतिनिधिहरुले व्यक्त गर्नुभएको थियो ।

स्थलगत भ्रमणका क्रममा टोकियो शहरका मुख्य स्थलहरुको अवलोकन गरिएको थियो । यसैगरी हिरोशिमा शहरमा रहेको शान्ति स्मृति संग्रहालयको स्थलगत अवलोकन भ्रमण पनि गरिएको थियो । किताक्यूशुको लैंगिक समता केन्द्रको भवन, जापानी कोताकोजी शिशु विद्यालय तथा नुकी प्राथमिक विद्यालयको पनि अवलोकन गरिएको थियो । क्यूशु तालिम केन्द्रमा जापानका महिला तथा अन्य देशका महिलाहरुको आर्थिक सामाजिक स्थितिको बारेमा तालिमका सहभागीहरु तथा जापानी

नागरिक/विद्यार्थीहरुबीच अन्तर्क्रियात्मक आदानप्रदानको कार्यक्रम पनि आयोजना गरिएको थियो । सो कार्यक्रममा सहभागीहरु आआफ्नो राष्ट्रिय पोशाकमा प्रस्तुत हुनुभएको थियो । जापानी नागरिकको शालीन व्यवहार, जापानका शहरहरुको सरसफाईको अवस्था, हरियाली, स्वच्छ वातावरण, ऐतिहासिक स्थलको जगेर्ना, तालिम केन्द्रको भौतिक सुविधा, आफ्नो भाषाप्रतिको लगाव तथा सबै क्षेत्रमा देखिएको कला तथा प्रविधिको सुन्दर संयोजनबाट तालिमका सबै सहभागीहरु प्रभावित हुनुभएको थियो ।

### (ख) सामान्य प्रशासन मन्त्रालयका कर्मचारीहरुको विदा पर्यटन भ्रमणः

नेपाल सरकार पर्यटन संस्कृति तथा नागरिक उड्डयन मन्त्रालयले वार्षिक रुपमा संचालन गर्दै आएको कर्मचारीहरुलाई उत्प्रेरणा स्वरुप आर्थिक सुविधा दिई विदा पर्यटन भ्रमणमा संलग्न गराई देशको आन्तरिक पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले संचालित बिदा पर्यटन कार्यक्रममा पर्यटन विदामा जाने चौविसौ टोलीको रुपमा सामान्य प्रशासन मन्त्रालयका प्रमुख पुस्तकालय अधिकृत श्री दामोदर भट्टराईको नेतृत्वमा कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालयका उप सचिव श्री दल बहादुर अधिकारी, सामान्य प्रशासन मन्त्रालयका शाखा अधिकृतहरु श्री मोहनराज जोशी, श्री मदन घिमिरे, श्री नारायण प्रसाद ज्ञवाली र श्री युवराज पोखरेल तथा टा.ना.सु श्री रामशरण खड्का समेत जम्मा सात जना र उहाँहरुको परिवारको एक जना गरि जम्मा चौध जनाको टोलीको संलग्नता रहेको थियो । मिति २०७१।०२।१४ गते पर्यटन मन्त्रालयले तोकि दिएको स्थान काभ्रे जिल्लाको नमोबुद्ध हुदै सोहि जिल्लाको होमस्टे पातलेखेत, दोलखा जिल्लाको जिरी र सिन्धुपाल्चोक जिल्लाको तातोपानी सम्मको यात्रा तय भएको सो कार्यक्रम २०७१।०२।१८ गते सम्पन्न भएको थियो ।




**विदा पर्यटनमा संलग्न कर्मचारीहरु तथा परिवारका सदस्य**

कर्मचारीलाई पुनर्ताजगी, देशका विभिन्न भौगोलिक क्षेत्रको वारेमा जानकारी तथा अनुभव प्राप्त हुने, आन्तरिक पर्यटनको प्रवर्द्धन हुने तथा कर्मचारी उत्प्रेरणाको लागी सो कार्यक्रम उपयुक्त भए पनि कार्यक्रमा कर्मचारीका सवै परिवार संलग्न गराउन नपाईने व्यवस्थाले र हाल उपलब्ध गराइदै आएको आर्थिक रकम पनि महँगी र बजार मुल्यको आधारमा न्यून रहेकोले विदा पर्यटनमा सँलग्न गराईने कर्मचारीका परिवारका निजामती सेवा ऐनमा तोके वमोजिमका सवै सदस्य सँलग्न गराउनु पर्ने, पर्यटन विदाको अवधि पाँच दिनबाट बढाएर दश दिन वनाउनु पर्ने र समयानुकुल तोकिएको आर्थिक सुविधामा समेत बृद्धि गरिनु पर्ने सुझाव प्रतिवेदन भ्रमणमा संलग्न टोलीले पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय समक्ष पेश गरेको थियो ।

## (ग) National workshop on E–government & Project management

सामान्य प्रशासन मन्त्रालय ICT शाखाको आयोजनामा मिति २०७१।३।२४ देखि २०७१।३।२७ सम्म National workshop on E–gov. & Project management विषयक कार्यक्रम सम्पन्न भएको छ । सामान्य प्रशासन मन्त्रालयका सचिव श्री डइन्द्र प्रसाद उपाध्यायको नेतृत्वमा सम्पन्न सो कार्यक्रममा प्रधानमन्त्री तथ मन्त्रिपरिषद्को कार्यालय, सामान्य प्रशासन मन्त्रालय, विभिन्न १० वटा तालिम प्रदायक तालिम केन्द्रहरु, UNAPCICT लगायतका करिव ३५ जनाको सहभागीता रहेको थियो

। चार दिवशीय उक्त कार्यक्रममा नेपाल सरकार र UNAPCICT बीच Human capacity Development सम्बन्धी सम्झौता सम्पन्न हुनुका साथै नेपाल सरकारका कर्मचारी तथा तालिम केन्द्रहरुको Capacity development सम्बन्धी सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ ।



**ICT कार्यक्रमका सहभागीहरु**

## (घ) बझाङ जिल्लामा अभिप्रेरणा साझेदारी कार्यक्रम

निजामती सेवाको गरिमालाई उच्च राख्दै सेवा प्रवाहलाई प्रभावकारी एवं साझा सेवाको रुपमा विकास गर्न सवै क्षेत्र, वर्ग, लिंगको प्रतिनिधित्व गराउनु पर्ने र निजामती सेवामा प्रवेश गर्न चाहने बजारमा रहेका उत्कृष्ट जनशक्तिलाई निजामती सेवामा प्रवेश गराउने वहस चलि रहेको अवस्थामा नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालयले विश्वविद्यालयमा अध्ययन गरी रहेका विद्यार्थीहरुलाई लक्षित गरी विश्वविद्यालयका दक्ष जनशक्तिलाई निजामती सेवामा प्रवेश गर्न अभिप्रेरित गर्ने उद्देश्यले अभिप्रेरणा साझेदारी कार्यक्रम कार्यशाला गोष्ठी संचालन गर्दै आई रहेको छ । यसै सिलसिलामा मिति २०७१।३।२२ गते सामान्य प्रशासन मन्त्रालयका सहसचिव वावुराम अधिकारीको नेतृत्वको टोलीवाट बझाङ्ग जिल्लामा रहेको जय पृथ्वी वहुमुखी क्याम्पसका क्याम्पस प्रमुख मोहनराज उपाध्यायको संयोजकत्वमा जिल्ला शिक्षा अधिकारी, जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि हरुको उपस्थितिमा एक दिने अभिप्रेरणा

साझेदारी गोष्ठी सम्पन्न भयो । जयपृथ्वी बहुमुखी क्याम्पस,बझाङ्ग, जाल्पा उच्च मा.वि.बझाङ्ग, सत्यवादी उच्च मा.वि.बझाङ्ग, लामातोला उच्च मा.वि. बझाङ्ग र पान्डु उच्च मा.वि.बझाङ्गका विद्यार्थीहरुलाई लक्षित गरी संचालन गरिएको यस कार्यक्रममा क्याम्पस तथा उच्च मा.वि.हरुमा स्नातक तह तथा १२ कक्षामा अध्ययनरत विद्यार्थीहरु, क्याम्पस प्रमुख, उच्च मा.वि.का सह प्राचार्य, लगायत जम्मा ८१ जनाको सहभागिता रहेको थियो ।

बझाङ्ग जिल्लाको सदरमुकाम चैनपुरमा रहेको जिल्ला प्रशासन कार्यालयको सभाहलमा संचालन गरिएको उक्त कार्यक्रमको उद्देश्य निम्न रहेका थिए ।

(क) विश्वविद्यालयमा अध्ययनरत उत्कृष्ट विद्यार्थिहरुलाई निजामती सेवाको विशेषता र महत्व दर्शाई निजामती सेवामा प्रवेश गर्न उत्प्रेरित गर्ने ।

(ख) निजामती सेवामा प्रवेश गर्न निष्पक्षता कायम गर्ने लोक सेवा आयोग, यसको निष्पक्षता, परीक्षा प्रणाली, पाठ्यक्रम, वार्षिक कार्यतालिका वारे जानकारी दिने ।

(ग) निजामती सेवाको विषयमा विद्यार्थिहरुमा रहेका जिज्ञासाहरु मेटाउने ।

## (ङ) प्रशासन संचालनका विविध पक्षमा छलफल तथा अन्तरक्रिया

सामान्य प्रशासन मन्त्रालयको आयोजनमा मितिः२०७१।३।२९ गते निजामती सेवामा कर्मचारी प्रशासनका विविध विषयमा नेपाल सरकारका मुख्यसचिव श्री लीलामणि पौड्यालको उपस्थितिमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सामान्य प्रशासन मन्त्रालयको सभाहलमा सम्पन्न भएको छ । कार्यक्रममा सामान्य प्रशासन मन्त्रालयका सहसचिव श्री बाबुराम अधिकारीले कर्मचारीहरुको पदस्थापना, सरुवा, काज, बरबुझारथ, हाजिरी, अध्ययन विदा, कर्मचारी अभिलेख, कार्य सम्पादन मूल्याङ्कन, कार्यविवरण, O&M , सम्बन्धमा भएको कानूनी व्यवस्था तथा यसको अभ्यासमा देखिएका समस्याहरु समेटेर कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । नेपाल सरकारका सबै मन्त्रालयका प्रशासन महाशाखा हेर्ने सहसचिव तथा प्रशासन शाखा हेर्ने उप सचिव र सामान्य प्रशासन मन्त्रालयका कर्मचारी समेत करिव ९३ जनाको सहभागीता

रहेको सो कार्यक्रममा कर्मचारी प्रशासन का विविध विषयमा व्यापक छलफल तथा अन्तरक्रिया भएको थियो । छलफल तथा अन्तरक्रियामा सहभागीहरुले उठाएका सामान्य प्रशासन मन्त्रालयले खटाउने काज, फाजिलमा रहेका कर्मचारीको दरवन्दी, पद मिलान, सरुवाको चाप, अभिलेख अद्यावधिक लगायतका विषयमा छलफल भएको थियो । सामान्य प्रशासन मन्त्रालयका सचिव श्री ङइन्द्र प्रसाद उपाध्यायले सहभागीहरुलाई ऐन नियमको पालना गर्न, कर्मचारीको मूल्याँङ्कन वस्तुनिष्ठ भएर गर्न, कर्मचारीको पदस्थापना गर्दा र जिम्मेवारी तोक्दा कार्यविवरण दिन, कानून विपरित निर्णय नगर्न र O&M हचुवाका भरमा नगर्न सहभागीहरुलाई निर्देशन दिनु भएको थियो । नेपाल सरकारका मुख्यसचिव श्री लीलामणि पौड्यालले कार्यक्रममा सहभागीहरुलाई दवावको भरमा गलत निर्णय नगर्न, अभिलेख दुरुस्त राख्न, कार्यको आधारमा मात्र कर्मचारीहरुको कार्य सम्पादन मूल्याँङ्कन गर्न, ICT को प्रयोग गर्न, सबैको लागि तालिम कार्यक्रम लागु गर्न, विदा स्वीकृत गराएर मात्र विदामा वस्न, आफनो जिम्मेवारी संवेदनशिल भएर पुरा गर्न, व्यक्तिगत भनसुन र पँहुचको आधारमा नभई ऐन कानून र न्यायमा आधारित भएर कार्य सम्पादन गर्न निर्देशन दिनु भएको थियो ।